# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gm
Website:www.aiselukharkamu

१ नं. प्रदेश, नेपाल


प.स:-०७७/०७८
च.नं.:-

मिति-२०७८/०३/०८

## सूचना । सूचना ।। सूचना ।।।

**विषय- <u>अत्यावश्यक बाहेक अन्य सेवाहरु स्थगित गरिएको सूचना ।</u>**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा देखिएको नयाँ भेरियन्ट सहितको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण दर ऐसेलुखर्क गाउँपालिका क्षेत्रभित्र पनि बढिरहेको सर्वविदितै छ । यस्तो संवेदनशील अवस्थामा *"कोरोना भाईरसबाट आफू बचौं र अरुलाई पनि बचाऔं"* भन्ने कुरालाई मध्यनजर गर्दै अत्यावश्यक बाहेकका अन्य सेवाहरु *मिति २०७८/०३/०८ देखि २०७८/०३/१४ गते सम्म* स्थगित गर्ने, सरकारी, गैह्र सरकारी कार्यालय (स्वास्थ्य संस्था बाहेक), विद्यालय, व्यापार/व्यवसाय, होटल, बैंक तथा वित्तीय संस्था (समन्वय गरी व्यवस्थापन गरिने) लगायत जमघट र भेला हुने सम्पूर्ण कार्यहरु स्थगित गर्नुका साथै ऐसेलुखर्क गाउँपालिकाबाट चल्ने सम्पूर्ण यातायातका सवारी साधन आवागमणमा समेत रोक लगाइएको सूचना सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ ।

कोरोना भाईरसको रोकथाम तथा नियन्त्रण गर्न गाउँपालिकाको निर्णय कार्यान्वयन गरी सहयोग पुऱ्याउन हुन सरोकारवाला कार्यालय, संघसस्था तथा नागरिक समाज सबैमा अनुरोध गर्दछौं । यो सूचनाको उलङ्घन गरी सूचना विपरित कार्य गरे/गराएमा संक्रमण रोग ऐन २०२० बमोजिम कारवाही गरिने हुँदा गाउँपालिकाको कार्यालय वा ईलाका प्रहरी कार्यालयमा जानकारी गराई सहयोग गरिदिनुहुन सरोकारवाला सबैलाई अनुरोध छ ।

*नोट- संक्रमणको विषम परिस्थितीमा स्वास्थ्य सम्बन्धी मापदण्डपूर्ण रुपमा पालना गरी दिनुहुन सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछ ।*

(विश्वनाथ निरौला)
अध्यक्ष

**<u>बोधार्थ</u>**

श्री नेपाली सेना, ऐसेलुखर्क- सूचना कार्यान्वयनमा सहयोग गर्नुहुन ।
श्री ईलाका प्रशासन कार्यालय, ऐसेलुखर्क- सूचना कार्यान्वयनमा सहयोग गर्नुहुन ।
श्री ईलाका प्रहरी कार्यालय, ऐसेलुखर्क- सूचना कार्यान्वयनमा सहयोग गर्नुहुन ।
श्री सवै विद्यालय, ऐसेलुखर्क गाउँपालिका- सूचना कार्यान्वयनमा सहयोग गर्नुहुन ।
श्री उद्योग वाणिज्य संघ, ऐसेलुखर्क- सूचना कार्यान्वयनमा सहयोग गर्नुहुन ।
श्री रा.वा. बैंक, ऐसेलुखर्क- सूचना कार्यान्वयनमा सहयोग गर्नुहुन ।
श्री सम्पूर्ण बैंक तथा वित्तीय संस्था, ऐसेलुखर्क- सूचना कार्यान्वयनमा सहयोग गर्नुहुन ।
श्री यातायात व्यवसायी संघ, ऐसेलुखर्क- यातायात संचालन पूर्ण रुपमा रोक लगाई सहयोग गर्नुहुन ।

" स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"